# मुट कोर्ट प्रतियोगीता सम्बन्धी समस्या

**जवरजस्ती करणी**

मुद्दाको संक्षिप्त विवरणः

१. घटनास्थल मुचुल्का

जिल्ला दाङ लखनव उपमहानरपालीका वडा नं. ६ गोठिगाँउ स्थित पुर्वमा ईश्वरी प्रसाद लामिछानेको खालि जग्गा, पश्चिममा मदन नगर देखी रानि घाट तर्फ जाने आउने सडक बाटो उत्तरमा गोठिगाँउको स्थानिय ग्रावेल सडक बाटो, दक्षिनमा ईश्वरी प्रसाद लामिछानेको खेत यति चार किल्ला भित्र पुर्व मोहोडा भएको ढुङ्गा माटोले बनेको ढुङ्गाले छाएको माथि ३ तल ३ गरी जम्मा ६ कोठा भएको देवी प्रसादलामिछानेको गोठ रहेको उक्त गोठको दक्षिण तर्फबाट ढोका बाट भित्र प्रवेश गरी काठको सिढी हुदै माथिल्लो तलाको पश्चिम तर्फको कोठामा प्रवेश गरी हेर्दा भुइमा मकैको पोका, धानको पराल बिच्छाएको अवस्थामा रहेको सोहि मकैको पोका र धानको परालमा मिती २०७८|११|०५ गते बेलुका १७;०० बजे प्रतिवादि श्रीनिवास यादव ले पडित संकेत नं. ५६ लखनव०७९-२८(क) लाई जवरजस्ती करणी गरेको भनी पिडितले देखाए वमोजिमको घट्नस्थल मुचुल्का।

२. संकेत नं. ५६ लखनव ०७०-२८ को जाहेरि दरखास्तः

मेरि छोरिको महिनावारी रोकिएपछी मैले र मेरा श्रीमानले नानि तेरो महिनावारी किन रोकिएको छ भनि २०७९ साल जेठ महिनामा सोधपुछ गर्दा छोरीले मलाई केहि नभनेकीले महिलाको महिनावारी रोकिन सक्छ भन्ने लागेको थियो। मिती २०७०-०५-२७ गते मेरो छोरिले एक्कासी मेरो पेटमा बच्चा छ व्यथा लाग्न लाग्यो भनेपछी मैले छोरिलाई हामिहरुलाई किन नभनेको भन्दा छोरीले मिती २०७८ साल फागुन ५ गते साँझ गाँउदेखी लखनवउपमहानरपालिका वडा नं. ६ बस्ने देवी प्रसादलामिछानेको गोठको बाटो हुदै आइरहेको अवस्थामा प्रतिवादी श्रीनिवास यादव ले मलाइ भेटि नानि तिमिलाई मैलौ सुन र मोबाइल किनिदिन्छु र रुपैँया पनि दिन्छु मैलौ भनेको कुरा मान्नुपर्छ भनेपछि मैले के कुरा हो भन्नुहोस भन्दा निजले मलाई करणी गर्न देउ भनि मेरो पाखूरा समाती देवी प्रसादलामिछानेको गोठमा पल्टाइ करणी गरि यो कुरा कहीँ नभन्नु भनिस भने मारिदिन्छु भनेको थियो। मेरो महिनावारी रोकिएपछी निजसँग महिनावारी रोकियो के गर्नेभन्दा निजले पटक पटक औषधीहरु ल्याई खुवाएको र मेरो शरिरबाट रगत बगी राखेको थियो, मलाई निजले मार्छ भन्ने डरले गर्दा केही भन्न सकेकी थिइन। आज व्यथा लागेको छ भनि भनेपछि मिति २०७९|०५|२७ गते राप्ति प्रादेशिक अस्पताललखनवल्याइ उपचार गर्दा छोरिको कोखबाट छोरी जन्मेको हुँदा जाहेरी लिई उपस्थित भएको छु, कानुन बमोजिम गरिपाउँ भन्ने समेत व्यहोराको संकेत नं. ५६ लखनव०७९-२८ को जाहेरी दरखास्त।

३. संकेत नं. ५६ लखनव ०७९-२८(क) को स्वास्थ्य परिक्षण प्रतिवेदनः

**Injuries on the bodies:** no injuries present on body during time of examination, **perineum:** no injury the during time of examination $9^{th}$ day of past time, **Vulva:** no injury the during time of examination $9^{th}$ day of past time, **Vagina:** no injury the during time of examination $9^{th}$ day of past time, **Hymen:** no injury the during time of time of examination $9^{th}$ day of past time, **Perianal area and anal orifice:** no injury the during time of examination $9^{th}$ day of past time, **Oral cavity:** no injury the during time of examination $9^{th}$ day of past time.भन्ने पिडित संकेत नं. ५६ लखनव०७९-२८(क) को शारिरिक परिक्षण प्रतिवेदन।

४. पिडित संकेत नं. ५६ लखनव०७९-२८(क) ले अनुसन्धानमा गरेको कागजः

मिति २०७८ साल फागुन महिनाको ५ गते साँझ म काम विशेषले गाँउमा गई ईश्वरि लामिछानेको घरको बाटो हुदै घर फर्कि एक्लै आइराखेको समयमा मैले पहिला देखि नै चिनेजानेका हामिहरुकै गाँउको श्रीनिवास यादव ले मलाइ बाटोमा भेटी नानि म तिमिलाई सुन र मोबाइल किनिदिन्छु र रुपैँया समेत दिन्छु मलाई करणि गर्न देउ भनि मेरो पाखुरामा समाती जबर्जस्ती तान्दै इश्वरी प्रसाद लामिछानेको गाई बाँध्ने  गोठमा लगि मलाई जवर्जस्ती जमिनमा पल्टाइ मैले लगाएको सुरुवाल तानि फाली मेरो माथी जवरजस्ती चढी कुनैपनी अस्थाइ साधनको प्रयोग नगरी योनिभित्रै विर्य स्खलन गराई यो कुरा कोहि कसैलाई नभन्नु यदि भनिस भने तलाई मारेर फालिदिन्छु भनेको थियो। त्यसपछि मेरो महिनावारि रोकिएपछी श्रीनिवास यादव लाई भेटि मेरो महिनावारि रोकिएको छ के गर्ने हो भन्दा निजले मलाई पटक पटक बिभिन्न किसिमका बच्चा फाल्ने औषधीहरु खुवाएको कारणले गर्दा मेमरो योनिबाट रगत बगिरहेको थियो र मैले प्रतिवादिले मलाई मार्छ कि भनि कोहि कसैसंग पनि घटनाको बारेमा भनेको थिएन र मिति २०७९|०५|२७ मा मलाई सुत्केरी ब्यथा लागेको कारणले गर्दा मैले मेरो घर परिवारलाई घटना संबन्धमा जानकारी गराएपछि मलाइ तत्काल राप्ति प्रादेशिक अस्पताल तुल्सिपुरमा लिई चेकजाँच गराउने क्रममा नवजात शिशु (छोरा) को जन्म भएको छ। हाल मेरो र मेरो छोराको अवस्था सामान्य छ। प्रतिवादिलाई कानुनबमोजिम गरि निजको जबरजस्ती करणी बाट रहना गएको गर्भबाट जन्मिएको शिशु (छोरा) को हक अधिकारको सुनिश्चित गराई क्षतिपुर्ति समेतको व्यवस्था गराइपाँउ भन्ने पिडित संकेत नं. ५६ लखनव०७९-२८(क) ले गरेको घटना विवरण कागज।

५. प्रतिवादी श्रीनिवास यादवले अनुसन्धानमा गरेको बयानः

इश्वरी प्रसाद लामिछाने हाल लखनवबजारमा परिवार सहित बस्ने हुँदा मैले निजको गोठमा २ वटा भैँसी पालि भैँसी को दुध बेच्ने गर्छु। गोठमा काम गर्ने समयमा कहिलेकाही पिडित संकेत नं. ५६ लखनव०७९-२८(क) सोहि स्थानमा आइ जिस्किने गर्दथिन। वारदात मिति भन्दा करिव २\३ महिना अगाडी मैलौ गोठमा काम गरिरहेको अबस्थामा निज पिडित म भएको स्थानमा आइ मलाई जिस्क्याई भाग्दै देवी प्रसादलामिछानेको खालि घरभित्र पसेपछी म पनी केहिबेर पछि उक्त घरमा गई हेर्दा संकेत नं. ५६ लखनव०७९-२८(क) लाई सोही घरको माथी तलामा रहेको कोठामा देखी म पनि उक्त स्थानमा गई निजलाई समाई जमिनमा रहेको परालमा पल्टाउदा निजले कुनै प्रतिकार नगरेपछि मैले निजलाई करणी गरेको थिए।त्यसपछिका दिनहरुमा निज पिडित मैले जहाँ लग्यो त्यहि गई म सँग शारिरक सम्पर्क राख्ने गर्दथीन। मैले निजको घरमा कोहि नभएको समयमा गइ निज पिडितलाई शारिरिक सम्पर्क राख्ने गर्दथे। वारदात मिति २०७८|११|०५ गते अ. १७;०० बजेको समयमा पिडित संकेत नं.  ५६ लखनव०७९-२८(क) देवी प्रसादलामिछानेको घरको  वाटो हुदै आफ्नो घर तर्फ जादै गर्दा निजलाई बोलाई निज देवी प्रसादलामिछानेको खालि घरमा लीइ गई करणी गरेको थिएँ। त्यसपछि पिडित गर्भवति भइ मिति २०७८|११|०५ गते राप्ति प्रादेशिक अस्पताल लखनवदाङमा छोरा जन्माउदा पिडितका बुवा जाहेरवाला पिडित संकेत नं. ५६ लखनव०७९-२८ ले मैले पिडित संकेत नं.  ५६ लखनव०७९-२८(क) लाई जवरजस्ती करणी गरेवाट गर्भ रहि छोरा जन्माएको कुरा थाहा पाई म विरुद्दमा जाहेरी दरखास्त परेको हो भन्नेसमेत व्यहोराको प्रतिवादि श्रीनिवास यादवले अनुसन्धानको क्रममा गरेको बयान।

६. पिडित संकेत नं.  ५६ लखनव०७९-२८(ख) को कागजः

मेरो छोरी पिडित संकेत नं.  ५६ लखनव०७९-२८(क) लाई वारदात मिति २०७८|११|०५ गते काम विशेस ले गाउँमा गइ फर्कदै गर्दा श्रीनिवास यादव ले देवी प्रसादलामिछानेको गोठमा लगि छोरिले नमान्दा नमान्दै पनि छोरिलाई जवरजस्ती करणी गरी यो कुरा कसैलाई भनेमा मारिदिने धम्की दिएको रहेछ। पछि छोरिको महिनावारी रोकिएर वच्चा बसेपछि छोरिले मलाई जानकारी गराएकाले घटनाको बारेमा थाहा पाएको हुँ। राप्ति प्रादेशिक अस्पताल तुल्सिपुरमा छोरिको कोखबाट छोरा जन्मिएको हो। यसरि नावालिका पिडितलाई जवरजस्ती करणी गरी निजको करणीबाट बच्चाको जन्म  भएको हुँदा निज

प्रतिवादि श्रीनिवास यादवलाई कानुन बमोजिम कारवाहि होस भन्ने पिडित संकेत नं. ५६ लखनव०७९-२८(ख) को घटना विवरण कागजः

७. प्रेम बहादुर टन्डन क्षेत्रीले गरेको घट्ना विवरण कागजः

वारदात मिति र समयमा पिडित संकेत नं. ५६ लखनव०७९-२८(क) काम विशेष ले गाँउमा गइ घर फर्कने क्रममा ईश्वरिप्रसाद लामिछानेको गोठमा बसी काम गर्ने प्रतिवादी नन्दलाल यादव ले पिडितलाइ बाटोमा हिडिराखेको देखी बोलाई सुन किनिदिने र पैसा समेत दिने भनि ललाई फकाई गरि जबरजस्ती करणी गरी उक्त जवरजस्ती करणीबाट पिडितको पेटमा वच्चा बसेको रहेछ, उक्त बच्चा मिती २०|७९|०५|२७ गते पिडितलाई उपचारको लागी राप्ति प्रादेशिक अस्पताल लखनव लिइ उपचार गराउने क्रममा पिडितको कोखबाट नबजात शिशु (छोरा) को जन्म भएपछि मात्र मैले घटनाको बारेमा गाँउघरमा सुनि पाएको हुँ। यसरी नावालीका पिडितलाई जबरजस्ती गोठमा लिई जवरजस्ती करणी गरी निजको करणी बाट वच्चाको जन्म भएको हुँदा निज प्रतिवादी श्रीनिवास यादवलाई कानुनबमोजिम कारवाही होस भन्ने प्रेम बहादुर टन्डन क्षेत्रीको घटना विवरण कागज।

८. छपिन्द्र बहादुर के.सि. ले गरेको घटना विवरण कागजः

वारदात मिति र समयमा पिडित संकेत नं. ५६ लखनव ०७९-२८(क) काम विशेष ले गाँउमा गई घर फर्किने क्रममा देवी प्रसादलामिछानेको गोठमा बसि काम गर्ने प्रतिवादी श्रीनिवास यादवले पिडितलाई बाटोमा हिडिराखेको देखी बोलाई सुन किनिदिने र पैसा समेत दिने भनि ललाई फकाई गरी जवरजस्ती करणी गरी उक्त जवरजस्ती करणी बाट पिडितको पेटमा बच्चा बसेको रहेछ, उक्त बच्चा मिती २०७९|०५|२७ गते पिडितलाई उपचारको लागी राप्ति प्रादेशिक अस्पताल लखनव लिइ उपचार गराउने क्रममा पिडितको कोखबाट नवजात शिशु (छोरा) को जन्म भएपछी मात्र मैले घटनाको बारेमा गाँउघरमा सुनी थाहा पाएको हुँ। यसरी नावालिका पिडितलाई जवरजस्ती गोठमा लिई जवरजस्ती करणी गरि निजको करणीबाट बच्चाको जन्म भएको हुँदा निज प्रतिवादि श्रीनिवास यादव लाई कानुन बमोजिम कारवाही होस भन्ने छपिन्द्र बहादुर के.सि. को घटना विवरण कागज।

९. अभियोग मागदावी

प्रतिवादी श्रीनिवास यादवले पिडित संकेत नं. ५६ लखनव ०७९-२८ (क) लाई मिति २०७८\११\०५ गते वेलुका अ. १७;०० बजे दाङ लखनव उपमहानगरपालिका वडा नं. ६ गोठिगाँउ स्थित देवी प्रसादलामिछानेको गोठमा लिई जवरजस्ति करणि गरि कसैलाई भनेमा मारिदिने धम्कि दिई पिडित गर्भवती भई मिति २०७९\५\२७ गते छोरा जन्माएकोले संकेत नं. ५६ लखनव ०७९-२८ लाई जवरजस्ति करणि गरेको तथ्य पुष्टि हुन आएकाले प्रतिवादि श्रीनिवास यादव लाई मुलुकि अपराध संहिता २०७४ को दफा २१९ को उपदफा (१) विपरित उपदफा (२) को कसुरमा ऐ. दफा २१९ को उपदफा (३) को देहाए (ग) बमोजिम सजाए गरि ऐ. दफा २१९ को उपदफा (३) (क) को देहाए (ख) बमोजिम जररिवाना हुन र ऐ. दफा २२८ बमोजिम क्षतिपुर्ति तथा ऐ. दफा २१९ को उपदफा (३) (क) को देहाए (ख) बमोजिम प्रतिवादिलाई हुने जरिवाना वापत प्राप्त रकम पिडित संकेत नं. ५६ लखनव०७९-२८ (क) लाई दिलाई भराई पाँउ भन्ने अभियोग मागदावी।

१०. प्रतिवादी श्रीनिवास यादव ले यस अदालतमा गरेको बयान

पिडितलाई बिभिन्न प्रलोभनमा पारी जवर्जस्ति गरेको भन्ने जाहेरि ब्यहोरा झुट्टा हो। हाममि बिच बिवाह गर्ने सहमति भएपछी सहमतिमा नै करणी भएको हो। निजबाट हाल बच्चा जन्मेकोमा उक्त बच्चा मेरो भए नभएको संबन्धमा मलाई थाहा भएन। पिडितलाई जवर्जस्ति नगरेकाले सजाए हुनुपर्ने होइन भनि प्रतिवादी श्रीनिवास यादवले यस अदालतमा गरेको बयान।

११. यस अदालतको आदेश

मिसिल संलग्न आधार प्रमाणबाट यि प्रतिवादि श्रीनिवास यादव अहिलेनै वेकसुर रहेछन भन्ने नदेखिएको र पछी प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल निजलाई थुनामा राख्नका लागि सोहि संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई स्थानिय कारागार कार्यलयमा पठाइदिनु भन्ने यस अदालतको मिति २०७९\०६\२८ को आदेश। प्रतिवादी मुद्दा पुर्पक्षका लागी थुनामा रहेको ।

१२. जाहेरवाला संकेत नं. ५६ लखनव०७९-२८ ले गरेको बकपत्र

जाहेरि दरखास्तमा भएको सहिछाप मेरो हो, बेहोरा मेरो होईन। प्रतिवादि र पिडित छोरि बिच बिवाह गर्ने कुरा भइरहेकोमा हाम्रो परिवारले बिवाह अहिले नै नगर्ने भन्ने कुराकानी भएकोमा सोहि बिषयलाई लिएर निज प्रतिवादि र हाम्रो परिवार बिच विवाद समेत भएको थियो। सोहि रिसिइवि का कारण गाँउघरका ब्यक्तिहरुको उक्साहटमा लागी प्रतिवादी उपर जाहेरी दिएको हुँ।प्रतिवादिले पिडित छोरिलाई जवर्जस्ति करणि गरेका होइनान। मैले गाँउघरका ब्यक्तिहरुको उक्साहटमा लागी प्रतिवादिलाई सताउनका लागी झुट्टा जाहेरि दिएको हुँ। प्रतिवादिलाई अभियोग मागदाबी बमोजिम सजाए हुनुपर्ने होइन भनि जाहेरवाला संकेत नं. ५६ लखनव०७९-२८ ले अदालतमा गरेको बकपत्र।

१३. घटना बिबरण कागज गर्ने पिडित संकेत नं. ५६ लखनव०७९-२८ ले गरेको बकपत्र

मेरो र प्रतिवादिको घरपरिवारमा प्रतिवादी र म विच विभाह गर्ने कुराकानि भैरहेकोमा बिवाह गर्ने टुङ्गो लागी हामिविच सहमतिमा करणी भएको हो। हामिविच लामो समयदेखी प्रेम भइ बिवाहको पनि निश्चित भैसकेको थियो। प्रतिवादिले मलाई जवरजस्ति गरेका होइनान। हामिविच सहमतिमा करणी भै बच्चा समेत बसेकोमा उक्त बच्चा अस्पतालमा जन्म भएकोमा ३ महिनापछी निजको मृत्यु भएको हो। अस्पतालको सम्पुर्ण खर्च प्रतिवादीका घर परिवारले बेहोरेका हुन् भनि पिडित संकेत नं. ५६ लखनव०७९-२८ (क) ले यस अदालतमा गरेको बकपत्र।

१४. घटना विवरण कागज गर्ने पिडित संकेत नं. ५६ लखनव०७९-२८ (ख) ले गरेको बकपत्र

घटना विवरण कागजमा भएको सहिछाप मेरो हो। ब्यहोरा सत्य होइन। प्रतिवादिले मेरि छोरी संकेत नं. ५६ लखनव०७९-२८ (क) लाई विवाह गर्ने भन्ने कुरा मेरो घर परिवार र निजको घर परिवार विच भैरहेको थियो। यसैविच निजहरुको सहमतिमा करणि लिनुदिनु भएको रहेछ। उक्त कुरा मलाई मेरि छोरिले भनेपश्चात थाहा जानकारि पाएकि हुँ। प्रतिवादिले मेरि छोरिलाई जगरजस्ति करणी गरेको होइनान निजहरु सहमतिमै करणी भइ बच्चा बसेकोमा उक्त बच्चा अस्पतालमा जन्म भएको र ३ महिनापछी उक्त बच्चाको मृत्यु भएको हो । अस्पतालको सम्पुर्ण खर्च प्रतिवादिका घरपरिवारले नै ब्यहोरेका छन भनि अदालत समक्ष गरेको बकपत्र ।

१५. प्रतिवादिका साक्षी हरि प्रसाद के.सि. ले गरेको बकपत्र

वादि प्रतिवादि बिच माया प्रेम भइ बिवाह गर्ने सहमती भएको थियो। प्रतिवादिले पिडितलाई जवरजस्ती करणी गरेका होईनान्। निजहरु बिचमा विवाह गर्ने टुङ्गो लागेकाले सहमतिमा करणी भएको हो।प्रतिवादि र पिडित विच करणी भइ बच्चा बसी अस्पतालमा जन्म भएकोमा ३ महिनापछि उक्त वच्चाको मृत्यु भएको हो।अस्पतालको सम्पुर्ण खर्च प्रतिवादिका घर परिवारले ब्यहोरेका हुन।प्रतिवादिलाई अभियोग मागदाबी बमोजिम सजाए हुनुपर्ने होइन भनी प्रतिवादिका साक्षी हरि प्रसाद के.सि. ले यस अदालतमा गरेको वकपत्र।

१६. यस अदालतको आदेश

प्रस्तुत मुद्दामा पिडितको स्वास्थ्य परिक्षण गर्ने विशेषज्ञ आस्था आचार्यलाई जिल्ला सरकारि वकिल कार्यलय घोराही दाङ मार्फत बकपत्रको लागि उपस्थित गराई दिनु भनि संबन्धित अस्पताललाई लेखी आए बकपत्रको लागी इजलास समक्ष पेश गर्नु भन्ने यस अदालतको मिती २०७९\१०\१२ को आदेश।

१७. यस अदालतको आदेश

पिडितको स्वास्थ्य परिक्षण गर्ने डा. आस्था आचार्य यस अदालतमा उपस्थित भइ बकपत्र गरेको नदेखीएको साथै निजले पत्र प्राप्त गरेको निस्सा तथा निज उपस्थित हुन नसक्नुको कारण समेत मिसिल संलग्न रहेको नदेखिदा बकपत्रको लागी निज विशेषज्ञ डा. आस्था आचार्य तथा सो सरहको विशेषज्ञ चिकित्सकलाई जिल्ला सरकारि वकिल कार्यलय मार्फत उपस्थित गराउनु भनि संबन्धीत स्वास्थ्य कार्यलयमा पत्राचार गरी पत्र प्राप्त गरेको निस्सा मिसिल सामेल राख्नु र निज उपस्थित भए बकपत्रको लागी इजलास समक्ष पेश गर्नु भन्ने यस अदालतको मिति २०८०\०२\१८ को आदेश।

१८. डाक्टर सुदेशजंग थापाले गरेको बकपत्र

मिति २०७९\०६\०५ मा गरिएको परिक्षण प्रतिवेदन हेर्दा पिडितले बच्चा जन्माइसकेको ९ दिन पश्चात निजको स्वास्थ परिक्षण गरिएको अबस्था छ। बच्चा मिति पुग्नु भन्दा अगाबै जन्मिएको थियो। निज पिडितको शरिरको वाह्य अंगमा कुनै चोटपटक थिएन त्यसैगरी यौनाङ्गको जाँच गर्दा वच्चा जन्मिदा भएको घाउ देखिन्थ्यो। परिक्षणको क्रममा निज पिडितले खुलाएको सम्पुर्ण कुरा परिक्षणको मा उल्लेख गरिएको छ भनि विशेषज्ञ चिकित्सक डा. डाक्टर सुदेशजंग थापाले यस अदालतमा गरेको बकपत्र ।